आज मिति २०७७।०९।२२ गतेका दिन यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद आचार्य ज्यू को अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक तपशिलको उपस्थितिमा बसी तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :-

प्रमुख जिल्ला अधिकारी - श्री कृष्ण प्रसाद आचार्य - जिल्ला प्रशासन कार्यालय

प्रतिनिधी नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.) -

प्रतिनिधी (ने.का) - श्री दमनराज शाही - सह-सचिव

प्रतिनिधी (रा.प्र.पा.) - श्री नरेन्द्र बहादुर शाही - जनता समाजवादी पार्टी

प्रतिनिधी (रा.प्र.पा.) - श्री [illegible] मल्ल उपाध्यक्ष

प्रतिनिधी (ने.म.कि.पा.) - श्री नन्द बहादुर शाही

" दा.प्र.पा. नेपाल - धर्मदत्त आचार्य

सेनानी सागर थापा, रणसुर गुल्म, नेपाली सेना

नगर प्रमुख श्री जसि प्र. पाण्डे खप्तड बैजनाथ न.पा.

प्र.नाउ. चक्र बहादुर शाह जिल्ला प्रहरी कार्यालय

स.प्र.नी.उ. राम बहादुर पाली बैजनाथ प.प्र.बल, नेपाल प्रहरी खुल्ला, कालीकोट

प्र.अ.अ. - श्री गणेश प्रसाद आचार्य - रा.अ.का.का.

~~उपाध्यक्ष प्रमुख श्री [illegible] देवकोटा - जि.वि.तथा स.इ. कालिकोट~~

जय प्रसाद पाण्डे ने.वि.प्रा. कालीकोट वि.नि.नि. नितलाविक

राम बहादुर अधिकारी नापी कार्यालय

विरेन्द्र अधिकारी कृषी विकास कार्यालय

जि.शाखा प्रमुख, सागर ओली, खाद्य व्यवस्था तथा व्या.सु.लि.कालिकोट

खड्ग लाल नेपाली (डि.वन अधिकृत) तोमिन

शिव राज जिसी (उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय)

कार्य. प्रेम सिंह बिष्ट (नेपाल टेलीकम)

धन बहादुर मल्ल जि.नि.का.अधिकृत

दा.प्र. कटक बहादुर मल्ल - स्वा.से.का.कालीकोट

बल प्रसाद सेजपाल, सभापति नेपाल रेडक्रस

रतन बहादुर शाही अध्यक्ष उ.वो.संघ

तुलाराम पाण्डे अध्यक्ष, नेपाल पत्रकार महासंघ

निर्णयहरु :-

१) यस वर्ष साउन भदौ महिनामा परेको वर्षा तथा र त्यसवाट आएको पहिरो एवं भु-क्षयकाकारण मुख्यबस्ती पहिरोमा परेका कारण विस्थापित भै नरहरिनाथ गा.पा को डाडा सुगुरखाल भन्ने स्थानमा त्रिपालमा बसी रहेका तर पुनस्थापना हुन नसकेकोले उक्त स्थानमा अस्थायी रुपमा वसेको एवं उक्त पहिरो प्रभावित घरपरिवार(२०६)लाई पुनस्थापना कार्य व्यवस्थापनको लागी गृह मन्त्रालय एवं कर्णाली प्रदेश सरकारमा अनुरोध गरिएको व्यहोरा बैठकमा छलफल एवं जानकारी भयो । हिउदको चिसोमा हिमाली क्षेत्रमा रहेको उक्त भुभागमा त्रिपालमा जेष्ट वसेका नागरिक,नावालक,महिलाको जीवन कष्टकर रहेकोमा विषयमा छलफल भई जिल्ला विपद व्यवस्थापन समितिवाट उक्त अस्थायी शिविरमा रहेका २०६ घर परिवारकालागी न्यानो कपडा कपडा (कम्बल) प्रति परिवार १(एक)थानका दरले एवं वृद्ध सुत्केरी महिला समेतलाई दृष्टिगत गरी ३०० थान कम्बल खरिद गर्ने निर्णय गरियो ।उनलेखित २०६ घरपरिवारलाई अस्थायी आवासका लागि २।२ थप्ले (प्रति परिवार) उपलब्ध गराउदिन आ.प्र.मा डा.उ.मा अनुरोध गर्ने निर्णय गरियो

२) जिल्ला विपद व्यवस्थापन समितिवाट नेपाली सेना रणसुर गुल्म कालीकोट मार्फत नेपाली सेना सहुलियत क्यान्टिन काठमाडौंवाट तोकिकएको निर्धारित मूल्यमा उल्लेखित अनुसारको कम्बल खरिद गरी काठमाडौंवाट सम्वन्धित स्थान सम्म ढुवानी गरी यथाशिघ्र पिडित परिवारलाई वितरणको व्यवस्था मिलाउने निर्णय गरियो ।

३) जाडोको मौसममा हिमपात एवं चिसोको कारण जेष्ट नागरिक, महिला बालवालिकाहरुलाई प्रत्यक्ष असर पर्ने देखिएको सम्वन्धमा चिसोवाट बच्न न्यानो कपडा लगाउने जस्ता जनचेतनामुलक सन्देशहरु स्थानीय FM रेडियोहरुवाट प्रसारण गर्न लगाउन स्थानीय तहहरुलाई अनुरोध गर्ने एवं जिल्ला विपद व्यवस्थापन समितिवाट समेत सो सम्वन्धि सूचना प्रशारण गर्न सबै FMहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

४) राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं.२४२ मिति २०७७।९।२० गतेको पत्र बैठकमा पेश भई छलफल भयो सो सम्वन्धमा यस जिल्लाका तपशिलका अनुसारका स्थानीय तहहरुलाई(उच्च जोखिम भएका)सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल :-

१.रास्कोट नगरपालिका
२.खाँडाचक्र नगरपालिका
३.नरहरिनाथ गाउँपालिका
४.शुभकालिका गाउँपालिका